वार्षिक प्रतिवेदन

आ.व. : २०८१/०८२

प्रकाशक

गुल्मी अस्पताल

रेसुङ्गा नगरपालिका-८, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल
फोन नं. ०७९-५२००२४, ५२०१८८

Gmail : gulmihospital@lumbini.gov.np
dhgulmi2030@gmail.com
Website : https://gulmihospital.lumbini.gov.np

विधुतिय मेडिकल अभिलेखिकरण प्रणाली तथा अस्पतालको MSS उद्घाटन समारोहका तस्विरहरु



PEN-Plus क्लिनिक उद्घाटन समारोहका

डा विभव बस्याल, कार्यालय प्रमुख र डा प्रज्ञा शाक्यलाई स्वागत

गुल्मी अस्पताल

सल्लाहकारहरु

अस्पताल विकास समिति

श्री गोपाल प्रसाद पाण्डे
(अध्यक्ष)
श्री खिलध्वज पन्थी
(पदेन सदस्य)
(नगर प्रमुख, रेसुङ्गा नगरपालिका)
श्री बिष्णु प्रसाद कोइराला
प्रमुख जिल्ला अधिकारी
(पदेन सदस्य)
जिल्ला प्रशासन कार्यालय, गुल्मी

सम्पादन मण्डल/व्यवस्थापन

श्री डा.विभव वस्याल
निमित्त प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट
श्री बोम बहादुर अर्याल
जनस्वास्थ्य निरीक्षक
श्री अशिम चौधरी
अस्पताल व्यवस्थापन अधिकृत
श्री राजु अर्याल
लेखापाल
श्री सपना पाण्डे पन्थी
खरिदार
श्री बाबुराम पोखेल
मेडिकल रेकर्डर सुपरभाईजर

प्रकाशन

गुल्मी अस्पताल

तम्घास, नेपाल
रेसुङ्गा नगरपालिका-८, गुल्मी
लुम्बिनी प्रदेश
फो.नं.: ०७९-५२००२४
Email: gulmihospital@lumbini.gov.np
Website: https://gulmihospital.lumbini.gov.np

अध्यक्षको मन्तव्य

गुल्मी अस्पताल, तम्घासले आ.व. २०८१/८२ मा सम्पादन गरेका गतिविधि, समस्या र समाधानका उपायको व्यवस्थापन, चुनौती र अवसर, सहयोग तथा सहयोगी हातहरूको गतिविधि समावेश गरी वार्षिक प्रगति प्रतिवेदन प्रकाशन हुन लागेको खबरले खुशी लाग्यो ।

यस प्रतिवेदनले अस्पतालको विकासमा शुभेच्छुक सबैलाई सन्तुष्टि प्रदान गर्नेछ भन्ने विश्वास लिएको छु । संविधान प्रदत्त मौलिक हकको प्रत्याभुती हुने गरी सबैलाई आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित नगर्न सरकारबाट प्रदत्त स्रोत साधनको आधारमा यस अस्पतालबाट सेवा प्रवाहलाई प्रभावकारी बनाउन अधिकतम प्रयत्न हुनेछ ।

उत्कृष्ट सेवा प्रवाहको प्रयत्नमा रहेको गुल्मी अस्पतालमा उल्लेखनीय कार्य भएकोमा खुसी लागेको छ । गत वर्षदेखि दैनिक बहिरंग सेवामा बिहान ९:०० बजे, बालरोग सेवा, इकोकार्डियोग्राम सेवाको सुरुवात र इन्टर्नल मेडिसिन, गाइनोकोलोजिष्ट, अर्थोपेडिक, रेडियोलोजिष्ट, मानासिक रोग सम्बन्धी विशेषज्ञ सेवा सञ्चालनमा आएको छ । एक्सरे सेवालाई DR System बाट सेवा प्रदान भएको छ । हेमोडायलाइसिस सेवा दैनिक दुई समूहमा प्रदान गरिएको छ । यस आ.व. मा बालरोग विशेषज्ञ सेवा पनि सन्चालनमा छ । प्रयोगशालालाई थप आधुनिकीकरण गरी प्रयोगशालामा परिक्षण हुन नसकेकै कारण बिरामीले जिल्ला बाहिर जानुपर्ने अवस्था छैन । अधिकांश ल्याबको रिपोर्ट सोही दिन नै उपलब्ध भइरहेको छ । अस्पतालमा सफ्टवेयर मार्फत् सेवा प्रदान गरिएको छ । भौतिक संरचना तथा दरबन्दी अनुसारका जनशक्तिको अभाव लगायतका समस्याहरु भए तापनि उपलब्ध संरचना र जनशक्तिबाटै अधिकतम गुणस्तरीय सेवा प्रवाह भइरहेको छ । निकट भविष्यमा आइ.सी.यू. सेवा प्रदान गर्ने तयारी छ र उक्त सेवा प्रदान गर्न बिरामीको कुरुवा बस्ने स्थान, ड्यूटी स्टाफ बस्ने कोठा अभावको कारणले निर्माणधिन भवन अस्पताललाई हस्तान्तरण नभए सम्म प्रतिक्षा नै गर्नुपर्ने अवस्था रहेको छ ।

सीमित स्रोत साधन र जनशक्तिको बलमा गुणस्तरीय सेवा प्रवाहका लागि अहोरात्र खटिने यस अस्पतालका पूर्व कार्यालय प्रमुखहरु तथा वर्तमान निमित्त प्रमुख मेडिकल सुपरिण्टेण्डेण्ट डा.विभव बस्यालज्यू, सम्पूर्ण विषय-विज्ञ चिकित्सक, चिकित्सक, स्वास्थ्यकर्मी तथा प्रशासनिक लगायत अस्पतालका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । आगामी दिनमा समेत अस्पताल परिवार तथा सम्पूर्ण सरोकारवालाबाट विगतमा जस्तै उच्च मनोवलका साथ कार्य सम्पादनमा लागि सक्रिय सहयोग हुनेछ भन्ने विश्वास लिएको छु । नयाँ भवन निर्माणाधीन अवस्थामा रहेको र सम्भवत: २०८२ सालभित्र तयार भई सेवा दिन पाइने सम्भावना रहेकोले सेवाग्राहीहरु लगायत सरोकारवालाहरुलाई कार्य सम्पादनमा सहज हुने अपेक्षा लिएको छु । जनशक्तिको अभाव समाधानका लागि प्रदेश सरकार तथा सम्बन्धित निकायबाट पहल भइरहेको छ । गुल्मी अस्पताललाई आवश्यक सहयोग, सल्लाह र सुझाव दिने सरोकारवालाहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । सबैको सहयोग, समन्वय र सहकार्यमा यस अस्पतालबाट बिरामीलाई उत्कृष्ट सेवा प्रदान गर्नका लागि प्रयत्न गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । धन्यवाद ॥

गोपालप्रसाद पाण्डे
अध्यक्ष
अस्पताल विकास समिति, गुल्मी अस्पताल

अस्पताल प्रमुखको मन्तव्य

गुल्मी अस्पतालको आ.व. २०८१/०८२ को समग्र प्रगति विवरण समावेश गरी वार्षिक समीक्षा कार्यक्रम सरोकारवालाहरुको उपस्थितिमा सम्पन्न भइसकेको छ । उक्त वार्षिक समीक्षा कार्यक्रममा बिभिन्न सहभागी तथा सरोकारवालाहरुबाट प्राप्त सकारात्मक पृष्ठपोषणले थप उर्जा थपिएको छ । अस्पतालले नियमित रुपमा गरेको सेवा प्रवाह र सञ्चालन भएका वर्षभरिको कार्यप्रगति समावेस गरिएको छ । यो प्रतिवेदनलाई सम्पादन गरि प्रकाशित गर्नमा अनवरत खटिनु हुने सम्पादन मण्डलका सदस्यहरु जनस्वास्थ्य निरीक्षक बोम बहादुर अर्याल, मेडिकल रेकर्डर सुपरभाइजर बाबुराम पोखेल, अस्पताल व्यवस्थापन अधिकृत असिम चौधरी साथै खरिदार सपना पाण्डे पन्थीलाई बिशेष धन्यवाद ज्ञापन गर्दै सहयोगी सबैमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

स्वास्थ्यमा सर्वव्यापी पहुँचलाई आधार मान्दै अस्पतालले हरेक किसिमका सेवाहरु जस्तैः प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक साथै प्रशामक सेवाहरु उपलब्ध गराउँदै आएको छ । दिगो विकास लक्ष्यहरु मध्ये लक्ष्य नं. ३ मा उल्लेखित "सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रबर्द्धन गर्ने" लक्ष्य प्राप्तिका लागि सुस्वास्थ्य तथा समृद्ध जीवनको लागि सहयोगी हुने गरी अस्पतालले निरन्तर सेवा प्रदान गर्दै आएको छ ।

आ.व. ०८१/८२ मा केही उल्लेखनीय कार्यको सुरुवात गरियो । मृगौला रोगीहरुको लागी हेमोडायलाईसिस सेवा दैनिक दुई समूहमा सेवा प्रदान गरिएको छ, इकोकार्डियोग्राम सेवाको सुरुवात, Electronic Medical Recording System को सुरुवात, बिहान ९ बजेबाटै OPD सेवाको सुरुवात, दैनिक बिशेषज्ञ चिकित्सकहरु (प्रसुती रोग बिशेषज्ञ, इन्टरनल मेडिसिन बिशेषज्ञ, बालरोग विशेषक्ष, हाडजोर्नि तथा नशारोग बिशेषज्ञ, रेडियोलोजी बिशेषज्ञ, जनरल रोग बिशेषज्ञहरु) बाट सेवाको सुरुवात, महिनाको १ दिन अस्पतालले नै खर्च व्यहोर्ने गरि मानसिक रोग विशेषज्ञ डाक्टरबाट मानसिक स्वास्थ्य सेवाको सुरुवात, अत्याधुनिक डिजिटल मेसिनबाट थप गुणस्तरीय एक्सरे सेवाको सुरुवात, बिशेषज्ञ डाक्टरबाट गर्भ अवस्थामा हुने बिकलांङ्ग पहिचान (Anomaly Scan) सेवाको सुरुवात, बढ्दो नसर्ने रोगको महामारीलाइ रोकथाम तथा उपचारको लागि काठमाण्डौं इन्स्चिच्युट अफ चाइल्ड हेल्थ (KIOCH) संगको सहकार्यमा छुट्टै नसर्ने रोगको ओपिडी सेवाको औपचारिक रुपमा नै सुरुवात, प्रयोगशालामा थप क्षमताका उपकरणबाट सेवा बिस्तारसंगै सामाजिक सेवा एकाई तथा बीमा कक्ष, नाम दर्ता नजिकैबाट सेवा संचालन, २४सै घण्टा नाम दर्ता सेवा, बिरामीको लागि प्रतीक्षालय, ज्येष्ठ नागरिक, बालबालिका, गर्भवती महिला तथा अपाङ्गको लागि छुट्टै टिकट काउन्टर स्थापना गरि निरन्तर सेवा प्रदान गरिरहेका छौं । प्रयोगशालालाई अझ विस्तार तथा आधुनिक बनाउन, आमा सुरक्षा कार्यक्रम, शल्यक्रिया सेवा, आकस्मिक सेवा, अन्तरंग सेवा, वहिरंग सेवा, एचडियु सेवा, फिजियोथेरापी सेवा, डेन्टल सेवा, OCMC सेवा, खोप, मातृशिशु, परिवार नियोजन, सुरक्षित गर्भपतन सेवा, फार्मेसी सेवा, एक्सरे सेवा, अल्ट्रासाउण्ड सेवा, मेडिकोलिगल सेवा, ART/DOTS सेवा, अक्सिजन प्लान्टबाट निरन्तर सेवा प्रदान गरीरहेका छौं साथै आम जनताको माग अनुसारको थप सेवा विस्तार तथा गुणस्तरीय स्वास्थ्य सेवाको लागि निरन्तर प्रयासरत छौं । अस्पतालको मापदण्ड अनुसार अत्याधुनिक भवन निर्माण भईरहेको छ ।

चालु आर्थिक वर्षमा मापदण्ड अनुसारको नयाँ भवनबाट सेवा सुरुवात, बिस्तारित एचडियू सेवा सहित आइसियु सेवा, बालरोग बिशेषज्ञबाट बालरोग उपचार सेवा संचालन लगायतका सेवा सुरुवात गरिनेछ । मेरो नेतृत्वलाई रचनात्मक सुझाब, सल्लाह सहित दिशानिर्देश गर्नुहुने अस्पताल विकास समितिका सम्पूर्ण पदाधिकारी, आम नागरिकको स्वास्थ्य सेवालाई सर्वोपरी ठानी हरदम सेवाभावबाट उत्प्रेरित सहकर्मी सम्पूर्ण चिकित्सक सहितका स्वास्थ्यकर्मीहरु र कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस अस्पतालको सेवा विस्तार र गुणस्तर बृद्धिको लागि योगदान पुऱ्याउने नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार तथा गुल्मी जिल्ला र छिमेकी जिल्लाका बिभिन्न सरकारी निकाय, स्थानीय तहहरु, राजनैतिक अगुवा सहित सामाजिक अभियन्ताहरु, सम्पूर्ण सरोकारवालाहरु सहित आम सेवाग्राहीप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु । आउँदा दिनहरुमा पनि यहाँहरुबाट यस्तै साथ, सहयोग, सद्भाव, विश्वास अनि काम गर्ने उत्प्रेरणा मिलिरहोस् भन्ने आशा सहित अस्पतालको समग्र सेवालाई अझ सुदृढ बनाउने प्रण गर्दछु । धन्यवाद ।

डा. विभव बस्याल
निमित्त प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट

विषय सूची

क.सं.	शिर्षक	पेज
१.	गुल्मीको परिचय	१
२.	दिगो विकासका लक्ष्यहरु	३
३.	राष्ट्रिय स्वास्थ्य नीति २०७६	५
४.	Organizational Structure	७
५.	सेवाहरु	८
६.	Name of Hospital Development Committee Member Present	९
७.	Name of Hospital Development Committee Chairperson upto Present	९
८.	Name of Hospital Chief upto Present	९
९.	Hospital Beds	१०
१०.	Human Resource	११
११.	Finance Hospital Program Related	१२
१२.	Hospital Development Committee	१३
१३.	Hospital Services	
	१३.१. Hospital Reporting Status	१४
	१३.२. Bed Occupancy Rate	१४
	१३.३. Average length of stay	१५
१४.	Hospital Use	
	१४.१. Total Hospital Visit	१५
	१४.२. Emergency Visit	१६
	१४.३. OPD Visit	१६
	१४.४. Inpatient Visit	१७
१५.	Hospital Service Utilization by Monthly	१७
१६.	Inpatients Admitted by Monthly	१८
१७.	OPD Top Ten Diseases	१८
१८.	Emergency top ten diseases	१९
१९.	Inpatients top ten diseases	१९
२०.	Inpatient Discharge by age and sex all Hospital	२०
२१.	Hospital brought dead and post-mortem cases	२१
२२.	Surgical Intervention	२१
२३.	Free Health Services and Social Security Program	२१
२४.	Hospital Based one Stop Crisis Management Center (OCMC)	२१

२५. ART And DOTS Servicese २२
२६. Diagnostic/Other Services २२
२७. Lab S. of Tests) २३
२८. Neonatal Deaths, Still Births २३
२९. Delivery by Gestational weeks २३
३०. Baby born alive २३
३१. Delivery by types २४
३२. Obstetric Complications २४
३३. Autopsy Report २५
३४. Medico legel cases performed २५
३५. Safe Motherhood Services २५
३६. Family Planning New acceptors २६
३७. Safe abortion services २६
३८. गुल्मी अस्पतालमा आ.व.०८१।०८२ का उपलब्धीहरु २७
३९. कर्मचारीका लेख तथा रचना
३९.१ अस्पताल, कर्मचारी व्यवस्थापन र गुणस्तरिय सेवा ३०
३९.२ फार्मेसी पेशा र यसको अन्तर सम्बन्ध ३२
३९.३ पेन प्लस कार्यक्रम ३५
३९.४ स्वास्थ्यमा योगको महत्व ३७
४०. अस्पताल कर्मचारी विवरण
४०.१ स्वीकृत दरबन्दी अनुसार २०८२ असार कार्यरत कर्मचारीको विवरण ३९
४०.२ स्थायी कर्मचारीहरुको आ.व २०८१। ८२मा कार्यरत विवरण ४१
४०.३ दरबन्दी र छात्रवृत्ति करार २०८२ असारमा कार्यरत कर्मचारीहरुको विवरण ४२
४०.४ कार्यक्रम र व्यक्ति करार २०८२ असारमा कार्यरत कर्मचारीहरु विवरण ४३
४०.५ अस्पताल विकास समिति २०८२ असारमा कार्यरत कर्मचारीहरु विवरण ४४

१. गुल्मीको परिचय

१.१ जिल्लाको नामकरण तथा ऐतिहासिक पृष्ठभूमी

नेपालको सात प्रदेश अर्न्तगत लुम्बिनी प्रदेशका जिल्ला मध्येको गुल्मी जिल्ला सो प्रदेशको उत्तरी सिमानामा अवस्थित रहेको छ । संस्कृत भाषामा सैनिक वा पल्टन भएको ठाउँलाई गुल्म भनिने र सामाजिक महत्व बोकेको हालको गुल्मी क्षेत्रमा पनि लिच्छविकाल र मध्यकालमा सैनिक छाउनी रहने भएकोले यसलाई गुल्मी भनी नामकरण गरिएको हो भन्ने भनाई रहेको छ । लिच्छविकालमा यो ठाउँ, गढी गुल्म गण्डकी नदीको छेउको छाउनी मानिन्थ्यो । यहाँ गुल्मी चारपाला भन्ने ठाउँ पनि छ । जसलाई गुल्मीकोट पनि भनिन्थ्यो । यसैका आधारमा यस जिल्लाको नाम गुल्मी रहेको हो भन्ने भनाई पनि पाइन्छ ।

१.२ जिल्लाको प्रारम्भिक जनसांख्यिक र भौगोलिक विवरण

गुल्मी जिल्लाको प्रारम्भिक जनसांख्यिक अवस्था :

गुल्मी जिल्लाको जनसंख्या २०७८ सालको राष्ट्रिय जनगणना अनुसार २४६४९४ (पुरुष ११२०२५ र महिला १३४४६९) रहेको छ । जसअनुसार पुरुष ४५.४५ प्रतिशत तथा महिला ५४.५५ प्रतिशत रहेका छन् । यहाँका प्रमुख जातिहरुमा ब्राह्मण, क्षेत्री, मगर, नेवार आदि पर्दछन् । यिनीहरुले मुख्य भाषाको रुपमा नेपाली भाषा बोल्दछन् भने केही जातिहरुले आफ्नो मातृभाषा पनि बोल्ने गरेको पाईन्छ । यहाँका मानिसहरु मूख्यतः खेतीपाती, नोकरी व्यापार तथा वैदेशिक रोजगारमा संलग्न भएको पाइन्छ । जनगणना २०६८ अनुसार गुल्मीको कुल जनसंख्या २८०१६० रहेकोमा २०७८ सालको राष्ट्रिय जनगणना अनुसार २४६४९४ मा रहेको छ । अघिलो जनगणना भन्दा ३३६६६ जनाले कमी रहेको जनसंख्या वृद्धि दर -१.२३ प्रतिशतमा कमी रहेको अन्य विवरण निम्न रहेको छ ।

गुल्मीको विरण	**जनसंख्या**	अनुपस्थित (विदेशिने) संख्या	साक्षरता दर (५ बर्ष वा माथिको)	अपाङ्गता संख्या	औसत परिवार आकार	लैगिक अनुपात	जनसंख्या वृद्धि दर	जनघनत्व प्रतिवर्ग कि.मी
पुरुष	११२०२५	३५४७९	८८.०१	४३५६				
महिला	१३४४६९	६०७१	७४.११	३४७६				
जम्मा जनसंख्या	२४६४९४	४१५५०	८०.३४	७८३२				

स्थानीय तहको विवरण

क्र. सं.	गुल्मी जिल्ला स्थानीय तह नाम	परिवार संख्या	पुरुष	महिला	जम्मा जनसंख्या	औ. प. आकार	लैं.अनुपात	ज. वृद्धि दर	ज.घ प्र.कि .मी	साक्षरता . दर
१	चन्द्रकोट गाँउपालिका	५०२९	८४७१	१०१९१	१८६६२	३.७१	८३.१२	-१.५०	१७७	७९.६३
२	छत्रकोट गाँउपालिका	५३०७	८६१७	१०७४०	१९३५७	३.६५	८०.२३	-१.००	२२२	७९.१९
३	धुर्कोट गाँउपालिका	५३८२	८३१२	१०५०२	१८८१४	३.५०	७९.१५	-१.७०	२१८	७८.८४
४	गुल्मीदरबार गाँउपालिका	५३५३	८४०६	१०८९०	१९२९६	३.६७	७७.१९	-१.२७	२४१	८२.१०
५	इस्मा गाँउपालिका	५००९	८४०९	१०१२०	१८५२९	३.७०	८३.०९	-१.१८	२२६	७४.५७
६	कालिगण्डकी गाँउपालिका	३७३६	७०७४	७९७०	१५०४४	४.०३	८८.७६	-२.१८	१४९	७९.६७
७	मदाने गाँउपालिका	५२५३	८९७३	११०४९	२००२२	३.८१	८१.२१	-०.८६	२१२	७७.०२
८	मालिका गाँउपालिका	५२४१	९१८८	१०८८७	२००७५	३.८३	८४.३९	-०.७६	२१७	७७.८९
९	मुसिकोट नगरपालिका	७०९९	१३०९३	१५३५८	२८४५४	४.०१	८५.२७	-१.३६	२४८	८०.६०
१०	रेसुङ्गा नगरपालिका	९०१५	१४५५०	१७००१	३१५५१	३.५०	८५.५८	-०.३०	३७७	८५.३७
११	रुरुक्षेत्र गाँउपालिका	४६०७	७६०७	८९९०	१६५९७	३.६०	८४.६२	-१.०८	२४६	८२.७३
१२	सत्यवती गाँउपालिका	५१६९	८७९३	१०६८०	१०४७३	३.७७	८२.३३	-१.९३	१६८	८१.८६
१३	संस्थागत	२५	५२९	९१	६२०					९४.५०

भौगोलिक अवस्था :

क्र.स.	विवरण	परिचयात्मक विवरण
१	अवस्थिति	२७'५५० उत्तरदेखि २८'२७० उत्तरसम्म र ८३'१० ० पुर्व देखि ८३'३५०
२	सीमाना	पूर्वमा स्याङ्जा र पर्वत, पश्चिममा प्यूठान, उत्तरमा बाग्लुङ र दक्षिणमा पाल्पा तथा अर्घाखाँची
३	उचाई	समुन्द्री सतह देखि ४६५ मिटर देखि २६९० मिटरको उचाइ सम्मको भुभाग
४	क्षेत्रफल	११४९ वर्ग कि.मी.
५	भौगोलिक विभाजन तथा हावापानी	क) उष्ण मनसुन जलवायु १५२५ देखि ३००० फिट सम्मको उचाइ भएको क्षेत्रमा यस किसिमका हावापानी पाइन्छ । यस किसिमको हावापानी हुने क्षेत्रमा गर्मीमा अत्याधिक गर्मी (३५०) हुन्छ । ख) अर्धोष्ण मौसमी जलवायु -३००० देखि ७००० फिट सम्मको उचाइ भएको क्षेत्रमा यस किसीमको हावापानी पाइन्छ । यस क्षेत्रमा जाडो याममा जाडो हुने र गर्मी यममा गर्मी हुने हुदाँ अत्याधिक जाडो वा गर्मी हुँदैन । ग) शितोष्ण मौसमी जलवायु - ७००० फिट भन्दा माथिका अग्ला पहाडहरुमा यस किसिमको हाावापानी पाइन्छ । यस क्षेत्रमा हिउँदमा हिउँ समेत पर्ने हुँदा अत्याधिक चिसो हुन्छ ।

२. दिगो विकासका लक्ष्यहरु

दिगो विकास लक्ष्य एउटा साहसिक र विश्वव्यापी सम्झौता हो, जसले सन् २०३० सम्ममा सबै प्रकारका गरिबीको उन्मूलन गरी मानव, पृथ्वी र समृद्धिको लागि एक समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना गर्दछ।

दिगो विकासका १७ लक्ष्य तथा १६९ सहायक लक्ष्यहरु दिगो विकासका लागि एजेण्डा २०३० को एउटा भाग हो, जुन संयुक्त राष्ट्रसंघका १९३ सदस्य राष्ट्रहरु सम्मिलित सेप्टेम्बेर २०१५ को ऐतिहासिक राष्ट्रसंघीय साधारण सभाको शिखर सम्मेलनले पारित गरेर जनवरी १, २०१६ देखि लागू गरेको छ।

१ सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने

२ भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्धन गर्ने

३ सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्ने

४ सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने

५ लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने

६ सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने

७ सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने

८ भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने

९ उत्थानशिल पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने

१० मुलुक भित्र तथा मुलुकहरुबीचको असमानता घटाउने

११ शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशिल र दिगो बनाउने

१२ दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने

१३ जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने

१४ दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरुको दिगो प्रयोग तथा संरक्षण गर्ने

१५ स्थलीय पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने

१६ दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने

१७ दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने

३ सुस्वास्थ्य तथा समृद्ध जीवन

सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्ने

३.१. सन् २०३० सम्ममा विश्वव्यापी मातृ मृत्युदर लाई हरेक १००,००० जीवित जन्ममा ७० भन्दा तल झार्ने

३.२. सन् २०३० सम्ममा ५ वर्ष मुनिका रक्षा गर्न सकिने नवजात शिशु तथा बाल मृत्युको अन्त्य गर्ने । सबै देशले प्रति हजार जीवित जन्ममा नवजात शिशु मृत्युलाई कम्तीमा १२ र ५ वर्ष भन्दा मुनिका बालमृत्यु दरलाई कम्तीमा २५ मा सीमित राख्ने ।

३.३. सन् २०३० सम्ममा एड्स, क्षयरोग, मलेरिया तथा अरु आपेक्षित उष्णदेशीय रोग सम्बन्धी महामारीको अन्त्य गर्ने र हेपाटाईटिस, पानीबाट सर्ने रोगहरु तथा अन्य सरुवा रोगहरुको नियन्त्रण गर्ने ।

३.४. सन् २०३० सम्ममा नसर्ने रोगबाट हुने असामयिक मृत्युदर रोकथाम र उपचारबाट एक तिहाइले कम गर्ने र मानसिक स्वास्थ्य तथा समृद्ध जीवनको प्रवर्द्धन गर्ने ।

३.५. लागूपदार्थ तथा मादक पदार्थको हानिकारक प्रयोगको रोकथाम तथा उपचारलाई सुदृढ गर्ने ।

३.६. सन् २०२० सम्ममा विश्वभर सडक दुर्घटनाबाट हुने मृत्यु तथा घाइतेहरुको संख्यालाई आधा घटाउने

३.७. सन् २०३० सम्ममा यौन तथा प्रजन्न सम्बन्धी स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नुका साथै परिवार नियोजनको सूचना र शिक्षा तथा प्रजनन् स्वास्थ्यलाई राष्ट्रिय रणनीति र कार्यक्रममा आबद्ध गर्ने ।

३.८. वित्तीय जोखिम सुरक्षा कायम गर्दै, गुणस्तरीय अत्यावश्यक स्वास्थ्य सेवा र सुरक्षित, प्रभावकारी, गुणस्तरीय र उचित मूल्यमा अत्यावश्यक औषधी तथा खोपहरुको उपलब्धता बढाउदै स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच हासिलगर्ने ।

३.९. २०३० सम्ममा हानिकारक रसायन र हावा, पानी तथा माटोको प्रदूषण र संक्रमणका कारण हुने मृत्यु र बिरामी हुनेहरुको संख्या उल्लेख्य मात्रामा घटाउने ।

३.क. सबै देशमा विश्व स्वास्थ्य संगठनको सुर्तिजन्य पदार्थ नियन्त्रण सम्बन्धी अधिवेशनले तयार पारेको मापदण्ड कार्यान्वयनमा आवश्यकता अनुसार जोड दिन ।

३.ख. मुख्यतया विकासोन्मुख देशहरुलाई असर गर्ने, सर्ने तथा नसर्ने रोग बिरुद्धका खोप तथा औषधीहरुको अनुसन्धान तथा विकासका लागि सहयोग गर्ने, ट्रिप्स सम्झौता र जनस्वास्थ्य सम्बन्धी दोहा घोषणाको मर्म अनुसार विकासोन्मुख राष्ट्रहरुको अधिकार पुष्टिकालागि बौद्धिक सम्पत्ति अधिकारको व्यापार सम्बन्धी सम्झौतामा रहेका पूर्ण प्रावधानहरुको प्रयोगलाई सुनिश्चित गर्दै आवश्यकता अनुसार जनस्वास्थ्यको संरक्षण गर्न खासगरी औषधीमा सबैको पहुँच बढाउने ।

३.ग. विकासोन्मुख देशहरु विशेष गरी अतिकम विकसित तथा साना टापु भएका विकासोन्मुख देशहरुमा स्वास्थ्यकर्मीहरुको भर्ना, विकास र प्रशिक्षणमा उल्लेख्य मात्रामा स्वास्थ्यमा लगानी अभिवृद्धि गर्ने ।

३.घ. सबै देशहरू खासगरी विकासोन्मुख देशहरुमा आन्तरिक तथा विश्वव्यापी स्वास्थ्य जोखिमको पूर्व चेतावनी, जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि गर्ने ।

३. राष्ट्रिय स्वास्थ्य नीति २०७६

१) सबै तहका स्वास्थ्य संस्थाहरुबाट तोकिए बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।

२) स्वास्थ्य वीमामार्फत विशेषज्ञ सेवाको सुलभ पहुँच सुनिश्चित गरिनेछ ।

३) सबै नागरिकलाई आधारभूत आकस्मिक स्वास्थ्य सेवाको पहुँच सुनिस्चित गरिनेछ ।

४) स्वास्थ्य प्रणालीलाई संघीय संरचना अनुरुप संघ,प्रदेश र स्थानीय तहमा पुनसंरचना, सुधार एवं विकास तथा विस्तार गरिनेछ ।

५) स्वास्थ्यमा सर्वव्यापी पहुँच (UNIVERSAL HEALTH COVERAGE) को अवधारणाअनुरुप प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक तथा प्रशामक सेवालाई एकीकृत रुपमा विकास तथा विस्तार गरिनेछ ।

६) स्वास्थ्य क्षेत्रमा सरकारी, निजी तथा गौर-सरकारी क्षेत्रबीचको सहकार्य तथा साझेदारीलाई प्रबर्द्धन, व्यवस्थापन तथा नियमन गर्नुका साथै स्वास्थ्य शिक्षा, सेवा र अनुसन्धानका क्षेत्रमा निजी, आन्तरिक तथा वाह्य लगानीलाई प्रोत्साहन एवं संरक्षण गरिनेछ ।

७) आयुर्वेद, प्राकृतिक चिकित्सा, योगा तथा होमियोप्याथिक लगायतका चिकित्सा प्रणालीलाई एकीकृत रुपमा विकास र विस्तार गरिनेछ ।

८) स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी तथा गुणस्तरीय बनाउन जनसंख्या, भूगोल र संघीय संरचना अनुरुप सीप मिश्रित दक्ष स्वास्थ्य जनशक्तिको विकास तथा विस्तार गर्दै स्वास्थ्य सेवालाई व्यवस्थित गरिनेछ ।

९) सेवाप्रदायक व्यक्ति तथा संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवालाई प्रभावकारी, जवाफदेही र गुणस्तरीय बनाउन स्वास्थ्य व्यवसायी परिषदहरुको संरचनाको विकास, विस्तार तथा सुधार गरिनेछ ।

१०) गुणस्तरीय औषधी तथा प्रविधिजन्य स्वास्थ्य सामाग्रीको आन्तरिक उत्पादनलाई प्रोत्साहन गर्दै, कुशल उत्पादन, आपूर्ति, भण्डारण, वितरणलाई नियमन तथा प्रभावकारी व्यवस्थापन मार्फत पहुँच एवं समुचित प्रयोग सुनिश्चित गरिनेछ ।

११) सरुवा रोग किटजन्य रोग, पशुपन्छीजन्य रोग, जलवायु परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रण लगायत विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यको एकीकृत उपायहरु अवलम्बन गरिनेछ ।

१२) नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति, परिवार, समाज तथा सम्बन्धित निकायलाई जिम्मेवार बनाउँदै एकीकृत स्वास्थ्य प्रणालीको विकास तथा विस्तार गरिनेछ ।

१३) पोषणको अवस्थालाई सुधार गर्न, मिसावटयुक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवं स्वास्थ्यवर्धक खाद्यपदार्थको प्रबर्द्धन, उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गरिनेछ ।

१४) स्वास्थ्य अनुसन्धानलाई अन्तराष्ट्रिय मापदण्डअनुरुप गुणस्तरीय बनाउँदै अनुसन्धानबाट प्राप्त प्रमाण र तथ्यहरुलाई नीति निर्माण,योजना तर्जुमा तथा स्वास्थ्य पद्धतिको विकासमा प्रभावकारी उपयोग गरिनेछ ।

१५) स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई आधुनिकीकरण, गुणस्तरीय तथा प्रविधिमैत्री बनाई एकीकृत स्वास्थ्य सूचना प्रणालीको विकास गरिनेछ ।

१६) स्वास्थ्यसम्बन्धी सूचनाको हक तथा सेवाग्रहीले उपचारसम्बन्धी जानकारी पाउने हकको‍पैत्याभूति गरिनेछ ।

१७) मानसिक स्वास्थ्य, मुख, आँखा, नाक, कान, घाँटी स्वास्थ्य सेवालगायतका उपचार सेवालाई विकास र विस्तार गरिनेछ।

१८) अस्पताललगायत सबै प्रकारका स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर सुनिस्चित गरिनेछ ।

१९) स्वास्थ्य क्षेत्रमा नीतिगत, संगठनात्मक तथा व्यवस्थापकीय संरचनामा समयानुकूल परिमार्जन तथा सुधार गर्दै सुशासन कायम गरिनेछ ।

२०) जीवनपथको अवधारणा अनुरुप सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोर-किशोरी तथा प्रजनन स्वास्थ्य, प्रौढ तथा जेष्ठ नागरिक लगायतका सेवाको विकास तथा विस्तार गरिनेछ ।

२१) स्वास्थ्य क्षेत्रमा नीतिगत, संगठनात्मक तथा व्यवस्थापकीय संरचनामा समयानुकूल परिमार्जन तथा सुधार गर्दै सुशासन कायम गरिनेछ ।

२२) बढ्दो सहरीकरण,आन्तरिक तथा बाह्य बसाइ-सराइजस्ता विषयहरुको समयानुकूल व्यवस्थापन गर्दै यसबाट हुने जनस्वास्थ्यसम्बन्धी समस्याहरुलाई समाधान गरिनेछ ।

२३) जनसांख्यिक तथ्यांक व्यवस्थापन, अनुसन्धान तथा बिशलेषण गरी निर्णय प्रक्रिया तथा कार्यक्रम तर्जुमासँग आबद्ध गरिनेछ ।

२४) प्रति-जैविक प्रतिरोधलाई न्युनीकरण गर्दै संक्रामक रोग नियन्त्रण तथा व्यवस्थापनका लागि एकद्वारा स्वास्थ्य पद्धतिको विकास तथा विस्तार गरिनुका साथै वायु, ध्वनि,जल प्रदूषण लगायतका वातावरणीय प्रदूषणका साथै खाद्यात्र प्रदूषणलाई वैज्ञानिक ढंगले नियमन तथा नियन्त्रण गरिनेछ ।

२५) आप्रवासन प्रक्रियाबाट जनस्वास्थ्यमा उत्पन्न हुन सक्ने जोखिमलाई न्युनीकरण गर्न तथा विदेशमा रहेका नेपाली नागरिकहरुको स्वास्थ्य सुरक्षाका लागि समुचित व्यवस्थापन गरिनेछ ।

४. Organizational Structure

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

गुल्मी अस्पताल ,तम्घास

संगठन संरचना



पुनश्च : मेडिकल अधिकृतको दरबन्दी ४ जना मात्र ।

५. सेवाहरु

बहिरङ्ग/अन्तरङ्ग/आकस्मिक/विशेष क्लिनिक

१ स्त्री तथा प्रसूति सेवा

२.इन्टर्नल मेडिसिन सेवा

३.बालरोग सेवा

४.सामान्य चिकित्सा सेवा

५. शल्यचिकित्सा सेवा

६. मनोरोग प्रामर्श/बिशेषज्ञ सेवा

७. हाडजोर्नी तथा नसारोग उपचार सेवा

८. भिडियो एक्सरे सेवा

९. इकोकार्डियोग्राम सेवा

१०. मुख तथा दन्त रोग सेवा

११. २४ घण्टा आकास्मिक/ फार्मेसी/एक्सरे/ल्याब सेवा

१२. एक द्धार संकट केन्द्र सेवा (OCMC)

१३. सामाजिक सेवा एकाई (SSU)

१४. जेष्ठ नागरिक उपचार सेवा

१५. स्वास्थ्य बिमा

१६. मृगौला रोगीको लागि हेमोडायलाइसिस सेवा

१७. गर्भको भुर्णमा बिक्लाग परिक्षण (Anamolay जाँच) सेवा

१८.स्तन क्यान्सर रोग प्रामर्श/बिशेषज्ञ सेवा

१९. गर्भवती जाँच तथा परिवार नियोजन सेवा

२०. फिजियोथेरापि सेवा

२०. खोप सेवा र पोषण सेवा

२१. नवजात शिशु तथा मातृशिशु सेवा

२२. ए.आर.टी सेवा

२३. डट्स सेवा

२४. पोष्टमार्टम सेवा

२५. दम तथा ब्रोनङ्काईटिस रोग उपचार सेवा

६. Name of Hospital Development Committee Member Present

क.स.	नाम थर	पद	सम्पर्क नं.
१	श्री गोपाल प्रसाद पाण्डे	अध्यक्ष	९८४७१८४२०६
२	श्री खिलध्वज पन्थी (नगर प्रमुख,रेसुङ्गा नगरपालिका)	पदेन सदस्य	९८५७०६१९२३
३	श्री प्रमुख जिल्ला अधिकारी (वा उहाँले तोकेको अधिकृत स्तरको कर्मचारी)	पदेन सदस्य	०७९५२०१३३
४	श्री सन्जिवनी अर्याल	सदस्य	९८५७०३२३३३
५	श्री डा.विभव वस्याल	सदस्य सचिव	९८४७०७१२१५

७. Name of Hospital Development Committee Chairperson up to Present

क.स.	नाम थर
१	श्री डिल्लीराज भुसाल
२	श्री शेर बहादर थापा
३	श्री वीर बहादुर कार्की
४	श्री दान बहादुर के.सी
५	श्री विनोद पाण्डेय
६	श्री लक्ष्मण पराजुली
७	श्री गोपाल प्रसाद पाण्डे
८	श्री भरत पाण्डेय
९	श्री गोपाल प्रसाद पाण्डे

८. Name of Hospital chief up to Present

क.सं.	नाम थर	सेवा अवधि
१.	श्री मदन बहादुर मल्ल	
२.	श्री मोहन मान सिंह बैद्य	
३.	श्री कृष्ण मान श्रेष्ठ	
४	डा. नरेन्द्र बहादुर थापा	
५	डा. जगदीश शाह	
६	डा. सुधाकर अनील	
७	डा. सादुराम पाण्डेय	
८	डा. मनोहरलाल श्रेष्ठ	
९	डा. शुशील कुमार श्रीवास्तव	
१०.	डा. हरीनाथ आचार्य	
११.	डा. सत्यनारायण कपडी	
१२.	डा. मुकेश कुमार चौरासिया	

१३.	डा. राजेन्द्र बोहोरा	२०४६ देखि २०४९
१४.	डा. गुणराज लोहनी	२०४९ देखि २०५०
१५.	डा. राम प्रसाद अर्याल	२०५० देखि २०५१
१६.	डा. राजेन्द्र बोहोरा	२०५१ देखि २०५५
१७.	श्री कौशल किशोर प्रसाद सिंह	२०५५
१८.	डा. रामजी चौधरी	२०५६
१९.	डा. श्यामराज उप्रेती	२०५७ देखि २०५९
२०.	डा. राजेन्द्र खनाल	२०५९ देखि २०६०
२१.	डा. तारानाथ पौडेल	२०६० देखि २०६२
२२.	डा. विश्वराज खनाल	२०६२ देखि २०६३
२३.	डा. सुदर्शन थापा	२०६४ देखि २०६६
२४.	डा. भेषराज पोखेल	२०६६ देखि २०६८
२५.	डा. हरी बहादुर के.सी	२०६८ देखि २०७०
२६.	डा. सुरेश नेपाल	२०७१
२७.	डा. दिपा श्रेष्ठ	२०७२
२८.	डा. श्याम किशोर चौधरी	२०७२ भाद्र देखि २०७३
२९.	डा. सुर्य बहादुर गुरुङ्ग	२०७३
३०.	डा. श्याम किशोर चौधरी	२०७३ देखि २०७५ भाद्र ३
३१.	डा. उत्तम पच्या	२०७५ भाद्र ४ गते देखि २०७९माघ १७ गते सम्म
३२	डा राजेन्द्र बहादुर जि.सी.	२०७९ चैत्र २३ गते देखि २०८० साउन १३ गते सम्म
३३	डा किशोर बन्जाडे	२०८० असोज २४ गते देखि २०८१ जेठ २६ गते सम्म
३४	डा विभव वस्याल	२०८१ असार १० देखि हाल सम्म

९.Hospital Beds

Description	Total
Sanctioned Beds (Government)	50
Sanctioned Beds (Development committee)	0
Total operational Beds (Generally)	42
Total inpatient beds (General, Surgery, Pediatric, OCMC)	14
Maternity beds	8
ICU beds	0
HDU/Geriatric	5
SNCUbeds: warmer:2, phototherapy:2	3
Post-up	2
Emergency Department	5
Dialysis	5

१०. HUMAN RESOURCE

पद	स्वीकृत दरवन्दी अनुसारको उपलब्धता				दरवन्दी बाहेकको पदपूर्ति					
	स्वीकृत दरवन्दी सङ्ख्या	स्थायी पदपुर्ती	द.करार	हाल कार्यरत जम्मा	छात्रवृति	बिकाश समिती	काज/फाजिल	कार्यक्रम/अन्य	हाल कार्यरत जम्मा	कार्यरत कुल जम्मा
Chief Medical Superintendent	1	0	0	0	0	0	0	0	0	0
Consultants	9	2	1	3	2	0	0	0	2	5
Medical Officers	4	0	0	0	8	0	1 फाजिल	2	11	11
Dental Surgeon	1	0	1	1	0	1	0	0	1	2
Nursing Officer	1	0	1	1	2	0	0	0	2	3
BMET	1	1	0	1	0	0	0	0	0	1
HA/PHI	3	3	0	3	0	3	0	3	6	9
Lab Technologist/ Technician	3	0	2	2	0	1	0	1	2	4
Medical Recorder Supervisor	1	0	1	1	0	0	0	0	0	1
Staff Nurse	8	5	3	8	0	0	0	13	13	21
Radiographer /Dark Room Ass.	2	0	2	2	0	1	0	0	1	3
Lab Assistant	1	1	0	1	0	4	0	1	5	6
Pharmacy Assistant	1	1	0	1	0	3	0	0	3	4
Sr.AHW/AHW	2	2	0	2	0	9	0	0	9	11
Hospital Management officer	0	0	0	0	0	0	0	1	1	1
Physiotherapy	1	0	1	1	0	0	0	0	0	1
Accountant	1	0	0	0	0	0	कोलेनिका बाट	0	0	0
Na.Su	1	1	0	1	0	0	0	0	0	1
Kharidar	1	0	0	0	0	1	0	0	1	1
Computer Operator	1	0	0	0	0	3	0	0	3	3
ANM/Sr. ANM	2	2	0	2	0	6	0	0	6	8
Anesthesia Assistant	1	1	0	1	0	0	0	0	0	1
Asst. Computer Operator, SSU facilitator	0	0	0	0	0	5	0	2	7	7
Dental Hygienist	1	1	0	1	0	0	0	0	0	1
Office Helper/Swiper	11	1	0	1	0	12	0	13	25	26
Ambulance Driver	0	0	0	0	0	0	0	1	1	1
Office Driver	1	0	0	0	0	0	0	1	1	1
Security guard	0	0	0	0	0	0	0	2	2	2
जम्मा	59	21	12	33	12	49	1	40	102	135

११. Finance Hospital Program Related

क.अस्पतालको वितिय उपल्बधि आ. व २०८१।८२

विवरण	जम्मा बिनियोजित बजेट रू	खर्च बजेट रु.	बित्तिय उपलब्धि प्रतिशतमा
अस्पताल सुध्रिढिकरण कार्यक्रम अनुसारको बित्तिय उपलब्धि	**73,20,000.00**	**67,45,618.00**	**92.156**
अस्पतालको विनियोजित वार्षिक कार्यक्रम अनुसारको उपलब्धी	**11,49,53,000.00**	**10,54,49,982.42**	**91.734**
जम्मा	**12,22,73,000.00**	**11,21,95,600.42**	**91.76**

A. अस्पताल सुध्रिढिकरण कार्यक्रम अनुसारको बित्तिय उपलब्धि

S.N.	आ.ब ८१।८२ शीर्षक विवरण	बिनियोजित बजेट रू	खर्च रकम	बित्तिय उपलब्धि प्रतिशत मा
१	अस्पतालहरुमा डायालासिस सेवा विस्तार	3515000	3408821	97.4%
२	अस्पतालको बार्षिक समिक्षा तथा प्रतिवेदन तयारी तथा छपाई	100000	98928	98.9%
३	अस्पतालमा Continue Medical Education कार्यक्रम संचालन	137000	135193	98.7%
४	अस्पतालका शैचालय तथा अस्पताल परिसरको सरसफाईका लागि	418000	417992	100%
५	अस्पतालमा मातृशिशु स्वास्थ्य सेवा	1000000	652458	65.2%
६	आपत्कालिन अवस्थाका आमा तथा शिशुका लागि एम्बुलेन्स सहयोग	150000	105000	52.5%
७	ईमरजेन्सी सेवा सुदृढीकरण	1000000	997370	99.7%
८	प्रयोगशाला तथा एक्सरे, अल्ट्रा साउण्ड इसीजी तथा सेवा विस्तार	1000000	929856	92.9%
	जम्मा बजेट रू	**73,20,000.00**	**6745618.00**	**92.156 %**

१२. Hospital Development Committee

खर्च/वित्तिय संकेत नं	खर्च/वित्तिय संकेतको नाम	खर्च रकम
२१११११	पारिश्रमिक कर्मचारी	18144458.70
२११२१	पोशाक	495000.00
२११३५	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	11171508.02
२११३९	अन्य भत्ता	202100.00
२११४१	पदाधिकारी बैठक भत्ता	161200.00
२२१११	पानी तथा बिजुली	1397835.00
२२११२	संचार महसुल	91000.00
२२२१२	इन्धन (कार्यालय प्रयोजन)	996447.00
२२२१३	सवारी साधन मर्मत खर्च	553244.00
२२२२१	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	345898.00
२२२३१	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	101056.00
२२३११	मसलन्द तथा कार्यालय सामाग्री	1001278.00
२२३१४	इन्धन - अन्य प्रयोजन	110872.00
२२३१९	अन्य कार्यालय संचालन खर्च	1919016.70
२२४११	सेवा र परामर्श खर्च	182000.00
२२४१२	सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	100000.00
२२५२९	विविध कार्यक्रम खर्च	121080.00
२७२१३	औषधी खरिद खर्च	65628712.00
२८१४२	घर भाँडा	550000.00
३११२२	मेशिनरी तथा औजार	1713792.00
३११२३	फर्निचर तथा फिक्चर्स	463485.00
कुल खर्च रु. जम्मा (Total expenses)		**10,54,49,982.42**
जम्मा बिनियोजित बजेट रू.		**11,49,53,000.00**
1. Balance at the end of Ashad 2081		1,59,71,996.30
2. FY 2081/82 Income from service fees, rent, etc.		10,26,39,555.56
Total Amount		**11,86,11,551.86**
3. Balance at the end of Ashad 2082		1,31,61,569.44

१३. Hospital Services

१३.१ Hospital reporting status



१३.२ Bed Occupancy Rate



१३.३ Average length of stay



१४. Hospital Use

१४.१ Total Hospital Visit



१४.२ Emergency Visit



१४.३ OPD Visit



१४.४ Inpatient Visit



१५. Hospital Service Utilization by Months



१६. Inpatients Admitted by Monthly



१७. OPD Top Ten Disease

Rank	Causes of Morbidity- 2081/82	% among total OPD NEW Visits
1	Gastritis (APD)/Abdominal Pain	13.68
2	Hypertension	7.78
3	Diabetes mellitus	4.81
4	Cardiovascular & Respiratory Related Problems-COPD	4.74
5	PUO/Common Symptoms-Fever	4.34
6	Orthopaedical-Lower Back Pain/Musculoskeletal Pain/ Rheumatoid Arthritis/Fractures	4.27
7	Common Symptoms-Cough	4.20
8	Mental Health- Anxiety disorder	1.52
9	Oral-Periodontitis	0.50
10	Orthopedic-Neck Pain	0.45
Total OPD NEW	35114	100

१८. Emergency Top Ten Diseases

Rank	Causes of Morbidity- 2081/82	% among total Emergency Visits
1	Acute Gastritis/Abdominal pain	29.03
2	Animal Bite	17.31
3	Musculoskeletal Injuries	14.99
4	Acute exacerbation of (COPD)	7.26
5	Acute Gastroenteritis	5.51
6	Acute Respiratory Tract infection	2.29
7	Renal Colic	1.87
8	Shortness of breath	1.69
9	Hypertensive Emergencies	1.66
10	Anxiety disorder	1.63
Total Emergency	12278	100

१९. Inpatients Top Ten Diseases

Rank	Causes of Morbidity- 2081/82	% among total IPD Visits
1	Spontaneous vertex delivery	22.48
2	Chronic obstructive pulmonary disease with acute exacerbation, unspecified	11.65
3	Fracture/ Injury	5.23
4	Delivery by emergency caesarean section/elective caesarean section	5.17
5	Fever/Typhus fever	4.58
6	AGE/ Vomiting	3.08
7	Pneumonia	2.53
8	LRTI /URTI	1.89
9	Diabetes mellitus	1.76
10	Alcohol Dependent Syndrome (ADS)	1.67
Total IPD	2334	100

२०. Inpatient Discharge by age and sex in hospitals

Age Group / Inpatient Outcome	Sex	0-7 Days	8-28 Days	29 Days - <1 Year	01 - 04 Years	05 - 14 Years	15 - 19 Years	20 - 29 Years	30 - 39 Years	40 - 49 Years	50 - 59 Years	60-69 Years	= 70 Years	Total
Recovered/Cured	F	13	4	15	30	52	128	599	229	82	75	50	108	1385
	M	17	8	27	49	65	16	34	42	37	35	49	56	435
Stable	F	2	1	3	3	7	3	25	15	10	9	14	41	133
	M	1	2	2	5	10	2	5	5	1	0	21	30	84
Referred Out	F	5	1	1	6	3	11	18	7	9	14	16	24	115
	M	13	1	5	6	4	1	6	4	9	2	15	18	84
DOPR/LAMA	F	0	1	2	1	2	2	13	6	5	5	2	14	53
	M	0	0	1	2	1	3	2	2	6	2	3	11	33
Absconded	F	0	0	0	0	0	0	2	0	0	0	0	1	3
	M	0	0	0	1	0	0	0	0	0	0	0	0	1
Death < 48 Hours	F	2	0	0	0	0	0	0	0	0	0	1	0	3
	M	0	0	0	0	0	0	0	0	1	0	0	1	2
Death = 48 Hours	F	0	0	0	0	0	0	0	0	0	0	0	3	3
	M	0	0	0	0	0	0	0	0	0	0	0	0	0
Total	F	22	7	21	40	64	144	657	257	106	103	83	191	1695
	M	31	11	35	63	80	22	47	53	54	39	88	116	639
G. Total		53	18	56	103	144	166	704	310	160	142	171	307	2334

२१. Hospital Death, brought dead and post-mortem cases



२२. Surgical Intervention

Department	Major			Intermediate, Minor		
	FY079/80	FY080/81	FY081/82	FY079/80	FY080/81	FY081/82
OPD	0	0	0	603	738	1727
Indoor	161	156	413	342	410	224
Emergency	0	0	0	703	622	276
Total	161	156	413	1648	1770	2227

२३. Free Health Services and Social Security Program

Patients at	Ultra Poor/ Poor	Helpless/ Destitute	Disabled	Sr. Citizens	FCHV	Gender Based Violence	Others	Total
FY2079/80	280	14	12	833	2	OCMC	19	1233
FY2080/81	406	17	34	305	85	OCMC	37	884
FY2081/82	471	7	34	0	0	OCMC	34	546

२४.Hospital Based One Stop Crisis Management Center (OCMC)

Type of Crime	Total number of cases		
	2079/80	2080/81	2081/82
Sexual Assault,Child/forced marriage, Rape	36	23	39
Physical Assault,	18	17	10
Total	54	40	49

२५. ART And DOTS Servicese



२६. Diagnostic/Other Services

Diagnostic/Other Services	Unit	2079/80	2080/81	2081/82
X-ray	Number	18373	21896	22958
Ultrasonogram (USG)	Number	7931	8576	9058
Echocardiogram (Echo)	Number	0	0	120
Electro Encephalo Gram (EEG)	Number	0	0	0
Electrocardiogram (ECG)	Number	6868	5613	4722
Treadmill	Number	0	0	0
Computed Tomographic (CT) Scan	Number	0	0	0
Magnetic Resonance Imaging (MRI)	Number	0	0	0
Endoscopy	Persons	0	0	0
Colonoscopy	Persons	0	0	0
Nuclear Medicine	Persons	0	0	0
Total Preventive service Provided	Persons	0	0	0
Total Laboratory service Provided	Persons	31080	33802	32080
Other Service Provided (if any)	Persons	4562	4800	5123

२७.Lab Services (no. of Tests)

FY	Hema tology	Immunolo gy	Biochemis try	Bacteriology	Virology	Parasitol ogy	Hormone/ Endocrine	Total Tests	Per Day Test
079/80	118300	10064	35503	2210	1537	1110	16267	232991	639
080/81	148284	13678	57613	2566	3332	5619	18832	249924	685
081/82	171596	13003	117321	2797	6831	20878	21287	353713	969

२८. Neonatal Deaths, Still Births

categories		2079/80	2080/81	2081/82
Neonatal Death		1	0	2
Types Of Still Birth:	Fresh	0	0	4
	Macerated	9	6	3
	Total Still Birth	9	6	7
Neonatal Deaths, Still Births		10	6	9

२९. Delivery by Gestational weeks FY 2081-82

Neonate Form		Gestational Weeks				Total
		22 - 27	28 - 36	37 - 41	≥ 42	
Primi		0	18	281	6	305
Multi		1	13	375	3	392
Grand Multi		0	2	12	0	14
Total		1	33	668	9	711
Maternal Age (Yrs)	< 20	0	8	79	2	89
	20 - 34	1	22	564	7	594
	≥ 35	0	3	25	0	28
Total		1	33	668	9	711

३०. Baby born alive

जन्म तौल	जिवितजन्म								
	जम्मा संख्या			निसासिएको			बिकलांग		
	079/80	080/81	081/82	079/80	080/81	081/82	079/80	080/81	081/82
सामान्य)≥ २.५ के.जी(.	566	336	597	6	2	6	0	0	1
कम)2-<२.5 के(.जी.	83	61	109	4	1	10	1	0	0
धैरै कम)< 2 के(.जी.	2	0	3	0	0	0	0	0	0
जम्मा	651	397	709	10	3	16	1	0	1

३१. Delivery by types



३२. Obstetric Complications

Obstetric Complications	ICD Code	Number		
		2079/80	2080/81	2081/82
Ectopic pregnancy	O00	5	1	3
Abortion complication	O08	11	9	9
Preg.-induced hypertension	O13	0	0	0
Severe/Pre-eclampsia	O14	0	0	0
Eclampsia	O15	0	0	1
Hyperemesis grivadarum	O21.0	12	6	0
Antepartum hemorrhage	O46	6	1	1
Prolonged labor	O63	1	0	0
Obstructed Labor	O64-O66	0	0	0
Ruptured uterus	S37.6	0	0	0
Postpartum hemorrhage	O72	0	12	16
Retained placenta	O73	5	4	1
Puerperal sepsis	O85	1	3	2
Other complications	O75	8	1	8

३३. Autopsy Report

Types Of Autopsy	FY 2079/80	FY 2080/81	FY 2081/82
Hanging	58	65	47
Blunt force trauma	18	26	23
Undetermined	31	34	30
Drowning	11	7	7
Burn/ Electrical injury Lightening /other	2	2	5
Total	**120**	**134**	**112**

३४. Medico Legal Cases Performed

Types Of Medico Legal Cases	FY 2079/80	FY 2080/81	FY 2081/82
Autopsy	120	134	112
Sexual Assault,Child/forced marriage, Rape	36	23	39
Physical Assault	18	17	10
Injury Examination Report	86	57	51
General Examination Report	314	226	255
Total	**574**	**457**	**467**

३५. Safe Motherhood Services



३६. Family Planning New acceptors

New Acceptors	FY 079/80	FY 080/81	FY 081/82
Pills	77	58	30
Depo	83	53	86
IUCD	29	21	23
Implant	234	183	161
Intraoperative tubectomy	1	0	9

३७. Safe abortion services

सुरक्षित गर्भपतन सेवा		७९/८०	८०/८१	८१/८२	७९/८०	८०/८१	८१/८२	७९/८०	८०/८१	८१/८२
		मेडिकल	मेडिकल	मेडिकल	सर्जिकल	सर्जिकल	सर्जिकल	जम्मा	जम्मा	जम्मा
गर्भपतन सेवा पाएका जम्मा महिला	<20 वर्ष	२	५	२	४	१	०	६	६	२
	>=20 वर्ष	११९	१०७	११९	४९	३७	७०	१६८	१४४	२८९
गर्भतन पश्चात प.नि. साधन अपनाएका	छोटो अवधी	७४	८५	८३	४८	३४	४८	१२२	११९	१३१
	लामो अवधी	४७	२७	३७	५	४	२३	५२	३१	६०
गर्भपतन पस्चात् जटिलता भएका		०	०	१	१९	०	७	१९	१	८
PAC सेवा पाएका	०७९/८०	४०								
	०८०/८१	४१								
	०८०/८१	६९								

३८. गुल्मी अस्पतालमा आ. व. ०८१।०८२ का उपलब्धीहरु

डा. विभव बस्याल
निमित्त प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट
अस्पताल प्रमुख

गुल्मी अस्पतालमा २०७६ साउन २८ गते देखि करिब २ वर्ष मेडिकल अधिकृतको रुपमा सेवा प्रदान गरि ३ वर्ष अध्ययन बिदा लिई बिशेषज्ञ शिक्षा हासिल गरे पश्चात पुनस् गुल्मी अस्पतालमा सेवा प्रारम्भ गरि २०८१।०३।११ गते देखि कार्यालय प्रमुखको रुपमा कार्यभार समाल्न पाउँदा ज्यादै खुसी लागेको छ। २०७८ मा म अध्ययनमा जाँदा र करिब ३ वर्ष पश्चात अध्ययन पश्चात पुनस् सेवामा फर्किदा केही समानता र केही परिवर्तन भएको महशुस भएको छ साथै पुन लुम्बिनी प्रदेश सरकारको कन्सलटेन्ट जनरल फिजिसियन नवौँ तहमा पदस्थापना भइ पुन यसै कार्यालयको निमित्त प्रमुख मेडिकल सुपरिन्टेन्डेन्टको रुपमा कार्यभार समाल्न पाउँदा ज्यादै खुसी लागेको छ। अस्पतालको मापदण्ड अनुसारको भवन निर्माणाधीन छ, तर गति सुस्त छ। सबै सेवा एउटै अस्पतालबाट प्राप्त गर्ने जनचाहना, जनताको स्वास्थ्य प्रतिको चासो र स्वास्थ्य बीमा तथा सेवा बिस्तार लगायतको कारण सेवा लिनेको संख्या निकै बढिरहेको छ। म यस अस्पतालमा सेवा गरुन्जेल अस्पतालमा सेवा लिने सेवाग्राहीहरुलाई अधिकतम गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने एउटा मात्र ध्येय रहेको जानकारी गराउन चाहन्छु।

तम्घास अस्पतालको नाममा स्थापित यस जिल्ला अस्पताल संघीयता लागू भै सके पछि लुम्बिनी प्रदेशको तत्कालीन सामाजिक विकास मन्त्रालयबाट गुल्मी अस्पताल नामाकरण भएको थियो। यस अस्पतालबाट आर्थिक वर्ष २०८१/८२ मा सम्पादन भएका केही उपलब्धीहरु, र भविष्यको लागि दीर्घकालीन योजनाहरु तयार गरिएको छ।

प्रदेश स्वास्थ्य तथा आपूर्ति व्यवस्थापन केन्द्रबाट समन्वय गरी एक्सरे फाँटमा अत्याधुनिक डिजिटल एक्सरे मेसिन जडान गरि २४सै घण्टा सेवा प्रदान गरिएको छ। घुम्ती एक्सरे मार्फत सिकिस्त बिरामीको बेड मै गएर एक्सरे सेवा प्रदान गरिएको छ।स्वास्थ्य सेवा बिभाग व्यवस्थापन महाशाखासंग समन्वय गरि करिब १ करोडका बिभिन्न उपकरण प्राप्त गरि जडान पश्चात सेवा अझ गुणस्तरीय र छिटो छरितो बनाएका छौं। प्रयोगशालालाई केही मेसिन थप जडान गरी अझ आधुनिक तथा सर्वशुलभ गराउन सक्यौं। प्रयोगशालामा संचालनमा रहेको अटोमेटिक बायोकेमिस्ट्री मेसिनमा थप क्षमताको एउटा मेसिन खरीद गरी अझ धेरै टेस्ट गर्न मिल्ने गरि सेवा थप्न सक्यौ। ३ पार्ट्स हेमाटोलोजी मेसिनबाट हुने परीक्षणलाई अझ गुणस्तरीय नतीजा दिनको लागि ५ पार्ट्स मेसिनबाट सेवा सुरु गरिएको छ। केही अटो इम्युन रोगहरुको जाँच थपेका छौ। कल्चर, ट्यूमर मार्कर अनि थाईराइडको जाँच निरन्तर भईरहेको छ। लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्रालयको निःशुल्क रक्तदान कार्यक्रम अन्तर्गत निःशुल्क रक्त सेवा पनि शुरु भै सकेको छ। कुनै पनि बिरामीलाई पैसा कै कारणले रगत चाहिएमा बन्चित हुनु पर्ने छैन।

२४ सै घण्टा नाम दर्ता तथा बिलिंग फाँट चलेको छ। जसले गर्दा बिरामीले सेन्ट्रल बिलिंग प्रणालीबाटै शुल्क तिर्न सक्नु हुन्छ र अतिरिक्त समयमा बीमाको सहजीकरण पनि हुन्छ। यसै संग ज्येष्ठ नागरिक, अपाङ्ग, गर्भवती महिला र बच्चाहरुको लागि छुटै नाम दर्ताको काउन्टर रहेको छ। बिरामीले नाम लेखाउन घन्टौ लाइन लागेर उभिन नपरोस भन्नको लागि टोकन प्रणाली संचालन रहेको छ जुन बिहान ८ बजे देखि संचालनमा रहेको छ।बिरामीलाई कुर्नको लागि प्रतिक्षालय निर्माण गर्यौं। टोकन प्रणाली संचालन पछि बिरामीलाई आफ्नो पालो नआउन्जेल प्रतिक्षालायमा विश्राम गर्न सक्छन। विश्रामको क्षण मनोरञ्जन तथा स्वास्थ्य सन्देश प्रवाह गर्नको लागि टि.भी. जडान गरिएको छ । ज्येष्ठ नागरिक तथा अपाङ्ग सेवाग्राहीलाई समेत ख्याल गरी बिमा कक्ष र सामाजिक सेवा एकाइ कक्ष दर्ता फाँट नजिकै स्थापना गरिएको छ। बीमा नभएका गरीब, असहाय, ज्येष्ठ नागरिक तथा अपाङ्ग सेवाग्राही आदिलाई ५० प्रतिशत देखि शत प्रतिशत सम्म छुट गरी सामाजिक सेवा एकाइबाट सेवा प्रदान गरिएको छ।

निरन्तर रुपमा बिशेषज्ञ डाक्टरहरुबाट हाडजोर्नी तथा अपरेसन सेवा संचालन भई रहेको छ। यो आ. व. मा १५१ सिजरियन सेक्सन वा बिरामीको मेजर अपरेसन गरिएको रहेछ। एच डी यु सेवा निरन्तर चलिरहेको छ जसले गर्दा सिकिस्त विरामीको सेवा निरन्तर भइरहेको छ।हाल ART सेन्टरबाट २११ जना एचआइभी/एड्सका विरामीलाई निरन्तर नि: शुल्क सेवा भइरहेको छ। ट्र्याकिंग प्रणाली पनि लागू भएको छ।

यसले गर्दा सेवा ग्राहीको डुप्लिकेसन नहुने, एक सेन्टर बाट अर्को सेन्टर मा जाँदा फरक नपर्ने, बायोमेट्रिक प्रणालीमा आउने र परिचयमा फरक नपर्ने फाइदा हुन्छ। भाइरल लोड १७७ जना गरेकोमा सप्रेसन १७४ मा देखिएको छ। यसले हामीले उपलब्ध गरएको औषधी प्रभावकारी छ भन्ने देखाउछ। डट्स कार्यक्रम अन्तर्गत ३ जना क्षयरोगका बिरामीको उपचार भइरहेको छ भने उपचार सफलता दर सत प्रतिशत रहेको छ।

